# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, वैशाख १० गते २०५४ साल (अतिरिक्ताङ्क ४

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले आयकर ऐन, २०३१ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ३७ को उपदफा (३) बमोजिम लाग्ने वा लागेको शुल्क देहायबमोजिम मिन्हा दिने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. २०५० आषाढ मसान्तभित्र तिरी सक्नुपर्ने तर हालसम्म नतिरेको कर तथा जरिवाना रकम २०५५ जेष्ठ मसान्तसम्ममा चुक्ता गर्ने करदातालाई आयकर ऐन, २०३१ को दफा ३७ को उपदफा (३) बमोजिम लाग्ने शुल्क रू. १,००,०००।– (एक लाख) सम्म मिन्हा दिने तथा रू. १,००,०००।– (एक लाख) भन्दा बढी भएमा बढी भएजतिको ५० प्रतिशतको दरले मात्र मिन्हा दिने ।

२. आयकर ऐन, २०३१ बमोजिम विभिन्न पेशा वा व्यवसाय गरी आय आर्जन गरी आय विवरण दाखिला नगर्ने व्यक्ति फर्म वा कम्पनीले २०५५ जेष्ठ मसान्तसम्ममा स्वेच्छाले आफ्नो आय घोषणा गरी आय विवरण साथ कर दाखिला गरेमा आयकर ऐन, २०३१ को दफा ३७ को उपदफा (३) बमोजिम लाग्ने शुल्क र दफा ५९ बमोजिम लाग्ने जरिवाना मिन्हा दिने ।

आज्ञाले,

36

रामेश्वर शाह

श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

3C

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।